☎ ०७७-४२०२०५
E-mail:-info.dcarghakhanchi@supremecourt.gov.np
arghakhanchidcourt@gmail.com

# अर्घाखाँची जिल्ला अदालत

## सन्धिखर्क,अर्घाखाँची

पत्र संख्या ०७७/०७८

चलानी नम्वर

मितिः–२०७८।०१।२०

(प्रशासन शाखा)

## सूचना

विश्वभर फैलिदै गईरहेको नयाँ भेरियन्ट सहितको कोभिड -१९ को संक्रमण नेपालमा समेत फैलिई यस अर्घाखाँची जिल्लामा समेत तीव्र रूपमा बढिरहेको अवस्थालाई दृष्टिगत गरी उक्त संक्रमणको रोकथाम र नियन्त्रणको लागि नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७८।०१।०६ र ऐ.१३ गतेको निर्णय, जिल्ला विपद व्यवस्थापन समितिको मिति २०७८।०१।१९ को निर्णय एवं जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको सिफारिस समेतका आधारमा संक्रमण रोग ऐन,२०२० को दफा २ र स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६ (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।०१।२० गते सोमवार राती १२.०० वजेदेखि मिति २०७८।०१।३१ गते शुक्रवार राती १२.०० सम्म लागू हुने गरी जिल्ला प्रशासन कार्यालय,अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारीबाट मिति २०७८।०१।१९ मा जारी भएको निषेधादेश तथा सम्मानित सर्वोच्च अदालतको मिति २०७८।०१।१४ मा बसेको पूर्ण बैठकको निर्णय समेतका आधारमा यस अर्घाखाँची जिल्ला अदालतबाट प्रवाह हुने नियमित अदालती काम कामकारवाही समेत प्रभावित हुने भै देहाय बमोजिमका कामकारवाही मात्र सम्पादन हुने र अन्य सेवाहरु स्थगन गर्ने गरी यस अदालत र जिल्ला वार ईकाई तथा जिल्ला सरकारी वकिल कार्यालयबीच भएको बैठकबाट निर्णय भएको हुँदा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. म्याद थप,पक्राउ पुर्जी तथा कलडिटेल अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्य,
२. अभियोगपत्र दर्ता गर्ने, प्रतिवादीको वयान लिने र थुनछेक आदेश गर्ने,
३. बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदन,
४. प्रहरीद्वारा पक्राउ परी आएका फरार प्रतिवादीको वयान तथा थुनछेक सम्बन्धी कार्य,
५. घरेलुहिंसाको फिराद पत्र दर्ता र सुनुवाई,
६. बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने विषयसंग सम्बन्धित निवेदन तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमका निवेदन ।

उपर्युक्त बमोजिम सेवा प्रवाह स्थगन भएको अवधिमा हदम्याद,म्याद र तारेख गुज्रने छैन ।

२०७८।१।२०

(महेश खनाल) श्रेस्तेदार
स्रेस्तेदार (उपसचिव) (उप सचिव)